| काम गर्ने अवधि सकिएका विदेशी श्रमिकहरु (E-9)को लागि मौसमी काममा रोजगारी सम्बन्धी जानकारी |
|---|

## ☐ मौसमी काममा रोजगारीको अनुमति पाउन सक्ने व्यक्ति

○ **E-9 भिसामा ३ वर्ष वा ४ वर्ष १० महिना काम गरे** पश्चात **एप्रिल १४~सेप्टेम्बर ३०को बिचमा भिसा वा काम गर्न पाउने अवधि समाप्त** भएका विदेशी श्रमिक मध्ये

- **स्वदेश फिर्ती हुने समय पछि सारिएका** अथवा **काम गर्ने अवधि अझै नसकिएका व्यक्तिहरु**को खण्डमा **निवेदन दिने दिनसम्मपनि बेरोजगार भएका व्यक्ति**

* **अवैधानिक रुपमा बसेका व्यक्ति** अथवा **अन्तिम कार्यस्थल कृषि तथा पशुपालन** (E-9-3) **वा फिसिङ्** (E-9-4) भएका व्यक्ति **बाहेक**

## ☐ अनुमति पाउने क्षेत्र र अवधि

○ (**कार्य क्षेत्र र ठाउँ**) मौसमी श्रमिकले **कृषि, पशुपालन र फिसिङ् क्षेत्रमा** अनुमति पाउने, **४० वटा ठाउँ**

○ (**काम गर्न पाउने अवधि**) **२०२०.८.१९ देखि २०२०.१०.३१ को बिचमा शुरु गरेर ३० दिन, ६० दिन, ९० दिन मध्येबाट मासिक हिसाबले छनौट गरे पश्चात लगातार काम गर्ने**

## ☐ कामका शर्तहरु

○ (**पारिश्रमिक**) **न्युनतम पारिश्रमिक सम्बन्धी ऐनमा आधारित न्युनतम पारिश्रमिकभन्दा बढि** प्रदान गरिने

○ **(बिमा) कार्यस्थल दुर्घटना बिमा** लागु (※सम्बन्धित कार्यस्थलबाट अनिवार्यरुपमा बिमा दर्ता गर्ने)

* मौसमी कामदारलाई खान र बस्ने सुविधा आवश्यक परेमा कार्यस्थलबाट उपलब्ध गराउन सकिने छ। खान र बस्नको लागि भनेर तोकिएको रकम भने मौसमी कामदारले कार्यस्थललाई बुझाउनु पर्ने छ।

## ☐ निवेदन दिने अवधि र तरिका

○ (**निवेदन दिने अवधि**) **अगस्त १९(बुधबार)~सेप्टेम्बर ३० (बुधबार)**

○ (**निवेदन दिने तरिका**) **मौसमी कामदार दर्ता लिने क्षेत्र** र संख्या **चेक** गरे पश्चात तल दिएका तरिकामध्ये कुनै एउटा तरिका अपनाएर निवेदन दिने

- ①**EPS**को वेबसाईट(www.eps.go.kr) मा गएर मौसमी कामको लागि दर्ता गरेर, **सम्बन्धित क्षेत्रको जब सेन्टर**मा ②**स्वयं आफै गएर** (एलिअन रजिस्ट्रेशन कार्ड लिएर जाने) अथवा ③**फ्याक्स वा ईमेल**, आदिबाट **मौसमी कामको फाराम** (काम गर्न मन लागेको ठाउँलाई प्राथमिकताको आधारमा र काम गर्ने अवधि भरेर) पठाउने

## □ मौसमी काममा लागेमा पाउने फाईदा

○ मौसमी काममा सहभागी भएकाहरु स्वदेश फिर्तिपश्चात फेरि फर्केर आउदा ①**CBT परिक्षामा अतिरिक्त अङ्क** (१० अङ्क) प्रदान गरिने र ②**रोजगारदाताद्वारा छनौट गर्ने प्रकृयामा प्राथमिकता प्रदान** गरिने